# बैंक अफ काठमाण्डू लिमिटेड
# को
# सोह्रौं वार्षिक साधारण सभाको
# विवरण तथा निर्णयहरू

# बैंक अफ काठमाण्डू लिमिटेडको सोह्रौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

## १. प्रारम्भिक :-

बैंक अफ काठमाण्डू लिमिटेडको मिति २०६७ साल भाद्र १८ गते बसेको संचालक समितिको ३८०औं वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम संचालक समितिको अध्यक्ष श्री नरेन्द्र कुमार बस्न्यातज्यूको सभापतित्वमा निम्न लिखित मिति, समय तथा स्थानमा निम्न विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम सोह्रौं वार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थान :-

मिति : २०६७ साल आश्विन १७ गते (तदनुसार ०३ अक्टोवर, २०१०), आइतवार ।
समय : बिहान ११ : ०० बजे ।
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।

## ३. सभाको सूचना :-

कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम बैंकको १६औं वार्षिक साधारण सभाको सूचना मिति २०६७/५/१९ र मिति २०६७/६/८ को क्रमशः नेपाल समाचारपत्र र राजधानी दैनिकमा प्रकाशित गरिएको थियो । यसका अतिरिक्त शेयरधनी महानुभावहरूको ठेगानामा साधारणसभा सम्बन्धी सूचना सहितको वार्षिक प्रतिवेदन पठाईएको थियो ।

## ४. उपस्थिति :-

### (क) संचालकको उपस्थिति :-

| | |
|---|---|
| १. श्री नरेन्द्र कुमार बस्न्यात | अध्यक्ष |
| २. श्री सत्य नारायण मानन्धर | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री रमेश नाथ ढुंगेल | संचालक |
| ५. श्री गोविन्द प्रसाद शर्मा | संचालक |
| ६. डा. हेमराज सुवेदी | संचालक |
| ७. श्री विष्णु प्रसाद बन्जाडे *(प्रतिनिधी–राहुल इन्भेष्टमेन्ट प्रा.लि.)* | संचालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :-**

| | |
|---|---|
| १. श्री निरञ्जय घिमिरे | नेपाल धितोपत्र बोर्ड |
| २. श्री सुरेन्द्र राज वाग्ले | नेपाल स्टक एक्सचेन्ज लि. |
| ३. श्री राजमणी दाहाल | कम्पनी रजिष्ट्रारको कार्यालय |
| ४. श्री रंजिव श्रेष्ठ | जी.पी.राजबाहक एण्ड कम्पनी *(लेखा परीक्षक)* |
| ५. श्री अजय श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| ६. श्री मनिष कुमार सिंह | कम्पनी सचिव |

**(ग) शेयरधनीको उपस्थिति :-**

| | | |
|---|---|---|
| स्वयं उपस्थित | – | ७० जना |
| प्रतिनिधी मार्फत | – | १४४ जना |

**५. सभामा प्रस्तुत छलफलका विषयहरु :-**

**(क) साधारण प्रस्तावः**

(१) अध्यक्षज्यूको मन्तव्य तथा सोह्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन छलफल र पारित गर्ने,

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ साल आषाढ मसान्तको वासलात, २०६६ श्रावण १ गते देखि २०६७ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरू छलफल गरी स्वीकृत गर्ने,

(३) आर्थिक वर्ष २०६७/२०६८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । *(वर्तमान लेखा परीक्षक जि.पी.राजबाहक एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नुहुने छैन)*

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १५ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने,

**(ख) विशेष प्रस्तावः**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १५ प्रतिशत वोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने,

(२) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले *(कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि)* फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ग) विविध ।**

## ६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :-

| शेयर तथा शेयरधनी | जम्मा शेयर | स्वयं उपस्थित | प्रतिनिधि मार्फत | जम्मा उपस्थित | कूल प्रतिनिधि प्रतिशतमा |
|---|---|---|---|---|---|
| शेयर | १,१८,२१,५७१ | ४,२८,३५२ | ५६,४१,७४९ | ६०,७०,१०१ | ५१.३५% |
| शेयरधनी | २२,४८५ | ७० | १४४ | २१४ | - |

## ७. सभाको कारवाही र वैधानिकता :-

सर्वप्रथम कम्पनी सचिव श्री मनिष कुमार सिंहले बैंकको सोह्रौं वार्षिक साधारण सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई संचालक समिति तथा बैंक व्यवस्थापनका तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै आजको साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंक अफ काठमाण्डू लिमिटेडको नियमावलीको नियम ५ ले गरेको कानूनी प्रावधान बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको जानकारी दिंदै कम्पनी ऐन अनुसार सभा बैधानिक भएको जानकारी दिनु भयो । तत्पश्चात् कम्पनी सचिवले सभा संचालनको लागि बैंकका अध्यक्ष श्री नरेन्द्र कुमार बस्न्यातज्यूलाई अनुरोध गर्नुभयो ।

## ८. सभापतिज्यूको आसन ग्रहण :-

साधारणसभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावली बमोजिम संचालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरूप यस बैंकका संचालक समितिका अध्यक्ष श्री नरेन्द्र कुमार बस्न्यातज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो ।

## ९. सोह्रौं वार्षिक प्रतिवेदन प्रस्तुति :-

सभाका सभापति श्री नरेन्द्र कुमार बस्न्यातज्यूले साधारणसभा समक्ष बैंकको वित्तीय स्थिती, मुनाफा, मुनाफाको वितरण जस्ता विषयमा बस्तुस्थिती र मन्तव्य तथा प्रतिवेदन पेश गर्दै यस बैंकले संस्थागत तथा वित्तीय अनुसाशनमा विशेष ध्यान पुऱ्याइरहेको, सोको परिधि भित्र रहेर बैंक सञ्चालन गरिरहेको, नियमनकारी निकायहरूको निर्देशन पालना गर्न कटिवद्धरहेको जस्ता बैंक सञ्चालनका लागि आधारभूत मापदण्ड र सुशासनका विषय जानकारी गराउनुभयो । त्यस्तै, बैंकले अन्तर्राष्ट्रिय व्यावसायिक सम्बन्ध सुदृढ गर्ने तथा वैदेशिक लगानी भित्र्याउने जस्ता विषयमा पनि निरन्तर रूपमा लागिरहेको लगाएतका विषयमा आफ्नो मन्तव्य पेश गर्नुभयो । तत्पश्चात छलफलका विषयहरूमा आ-आफ्नो विचार प्रकटगर्नुहुन शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो ।

## १०. छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरु :-

| | | | |
|---|---|---|---|
| १) | डा. माधव कुमार श्रेष्ठ | १०) | रोज कुमार श्रेष्ठ |
| २) | दामोदर रेग्मी | ११) | व्यास कुमार शर्मा |
| ३) | मेजर कुबेर श्रेष्ठ | १२) | अमृत नाथ रेग्मी |
| ४) | ध्रुव राम श्रेष्ठ | १३) | ईन्द्र कृष्ण श्रेष्ठ |
| ५) | राम काजी पौडेल | १४) | राजेश शाक्य |
| ६) | डमरू बल्लभ घिमिरे | १५) | राम लाल श्रेष्ठ |
| ७) | नरसिंह लाल चंखु | १६) | जयेन्द्रमान सिंह वानिया |
| ८) | उद्धव घिमिरे | १७) | भरत राज पोखेल |
| ९) | महेन्द्र श्रेष्ठ | | |

## ११. छलफलमा शेयरधनी महानुभावहरूले व्यक्त गर्नुभएको मन्तव्य, राय तथा सुझावहरूको मुलभूत आशयहरू निम्न बमोजिम रहेकाछन् :-

**१) डा. माधव कुमार श्रेष्ठ**

चालु आ.व.को खुद मुनाफा तथा यसको वृद्धिदर लक्ष्य के-कति रहेकोछ जानकारी माग गर्दै र अन्य समकक्षी बैंकहरूसंग यस बैंकको सुचकांकहरू तुलना गर्नुहुदै अघि वढ्नका लागि प्रतिष्पर्धी रणनीति तर्जुमा गर्न सुझाव दिनुभयो । बैंकमा नेतृत्व पक्षमा सुधार गर्न सुझाव दिंदै Customer Charter जारी गर्न माग गर्नुभयो ।

*(निजले सुझावहरू लिखित रूपमा पनि दिनुभएको थियो ।)*

**२) दामोदर रेग्मी**

चालु आर्थिक वर्षमा हालको मुनाफामा कम्तिमा ५०% वृद्धि गर्नुपर्ने सुझाव दिनुहुँदै सोही अनुरूपको मुनाफा वितरण पनि गर्नुपर्ने सुझाव प्रदान गर्नुभयो । बैंकले समयसापेक्ष रूपमा बजार सन्तुलनका लागि Assurance पनि प्रदान गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । हालको बैंकको गतिलाई वृद्धि गर्न समेत सुझाव दिनुहुदै लक्ष्य र प्राप्ती समेत वार्षिक प्रतिवेदनमा उल्लेख गर्न आग्रह गर्नुभयो ।

**३) मेजर कुबेर श्रेष्ठ**

बैंकले यस आ.व.मा प्रस्ताव गरेको १५% को लाभांश र १५% को बोनस शेयर प्रति धन्यवाद व्यक्त गर्दै लघुवित्त र संस्थागत सामाजिक उत्तरदायित्व तर्फ गरिएका कार्यहरू प्रति सन्तोष व्यक्त गर्नुभयो । हालको सञ्चालक समितिले आगामी दिनका लागि Road Map बनाई अघि वढन आग्रह गर्दै मुख्य कार्यालयको अगाडिको ढोकाबाट बैंक कारोवार सञ्चालन गर्न माग गर्नुभयो । कर्मचारी औषधोपचार खर्च, विज्ञापन खर्च, कानूनी खर्च, सञ्चालक समिति खर्च, सुरक्षा खर्च, दावी परेको तर बैंकले स्वीकार नगरेको जमानत वारेमा जानकारी प्रदान गर्न माग गर्नुभयो । बैंकले शेयरधनीका छोराछोरीहरू तथा अशक्त/अपांङ्ग समेतका लागि उच्चशिक्षा

अध्ययनका लागि उत्कृष्ठ केही लाई छात्रवृत्ति कोष स्थापना गर्न माग गर्दै ७५ वटै जिल्लामा शाखा पुऱ्याउन आग्रह गर्नुभयो । त्यस्तै, बैंकले कुनै क्षेत्र जस्तैः जलविद्युतक्षेत्रमा कर्जा प्रदान गर्न विशेषज्ञता हासिल गर्नुपर्ने उल्लेख गर्दै बैंकको प्रस्तावित भवन किन वन्न नसकेको हो सो सम्बन्धमा जानकारी माग गर्नुभयो । *(निजले सुझावहरू लिखित रूपमा पनि दिनुभएको थियो ।)*

४) **ध्रुव राम श्रेष्ठ**

प्रस्तावित वोनस र लाभांश प्रति धन्यवाद व्यक्त गर्दै विज्ञापन, सुरक्षा तथा साधारणसभा खर्चहरूमा वृद्धि भएको कारण माग गर्नुभयो । त्यस्तै, कर्मचारी खर्च नियन्त्रण गर्न तथा यसका लागि वैज्ञानिक पद्धति अवलम्वन गर्न धारणा व्यक्त गर्दै वार्षिक प्रतिवेदन समयमा नपुगेको गुनासो गर्नुभयो । बैंकको प्रस्तावित भवन नवनेको सम्बन्धमा जानकारी माग गर्दै बैंकको Real Estate कर्जा नियन्त्रण गर्न सुझाव प्रदान गर्नुभयो । *(निजले सुझावहरू लिखित रूपमा पनि दिनुभएको थियो ।)*

५) **राम काजी पौडेल**

सुरक्षा तथा लेखापरीक्षण खर्च वृद्धि भएको तर्फ ईगित गर्दै सोको कारण माग गर्नुभयो । त्यस्तै, चालु वर्षमा मुनाफा वृद्धि गर्नुपर्ने धारणा व्यक्त गर्दै लाभांश वितरणको कार्य छिट्टै गर्न सुझाव प्रदान गर्नुभयो । *(निजले सुझावहरू लिखित रूपमा पनि दिनुभएको थियो ।)*

६) **डमरू बल्लभ घिमिरे**

तिन महिना भित्रै साधारणसभा गर्न सकेकोमा धन्यवाद प्रकट गर्दै वोनश तथा लाभांश सम्बन्धी नीति तय गर्न माग गर्नुभयो । हाल खोलिएका शाखाहरू नाफा/घाटा कसरी संचालन भईरहेकाछन् सम्बन्धमा जानकारी गराउन माग गर्दै आई.एफ.सि.ले यस बैंकमा लगानी गर्ने विषयमा भईरहेको प्रगति विवरण सम्बन्धी तथ्य उल्लेख गर्न माग गर्नुभयो । त्यस्तै, बैंकको प्रस्तावित भवन किन वन्न नसकेको हो सो चाँडो वनाउन आग्रह गर्नुभयो । मनोरञ्जन खर्च अधिक भएको तर्फ ध्यानाकर्षण गर्दै शेयरधनीहरू बैंकमा आउदा विशेष व्यवहारको व्यवस्था मिलाउन आग्रह पनि गर्नुभयो । *(निजले सुझावहरू लिखित रूपमा पनि दिनुभएको थियो ।)*

७) **नरसिंह लाल चखुँ**

निस्कृय कर्जामा करीव ०.२४% ले वृद्धि भएको तर्फ ध्यानाकर्षण गराउदै समकक्षी बैंकहरूले शेयरधनीलाई प्रदान गरेको प्रतिफल जति यस बैंकले प्रदान गर्न नसकेको यथार्थ उल्लेख गर्नुभयो । लाभांश र वोनश शेयरको अनुपात अपेक्षित नभएको औल्याउदै क्रमशः बिस र दश प्रतिशत गरिएको भए सर्वसाधारण शेयरधनीको मन जित्न सफल हुने धारणा व्यक्त गर्नुभयो । त्यस्तै, संस्थागत सुशासन तर्फ ध्यान पुऱ्याउन आग्रह गर्दै संस्थागत उत्तरदायित्वमा यस

बैंकले उल्लेखनिय कार्य गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । लेखापरीक्षकले औल्याएका सामान्य भनिएका कैफियतहरूको विवरण माग गर्दै शेयर लगानी गरिएका संस्थाहरूको प्रतिफल कस्तो रहेकोछ सम्बन्धी जिज्ञासा राख्नुभयो । निस्कृय कर्जाको Recovery व्यवस्थापन कसरी भैरहेकोछ भन्ने विषयमा जानकारी राख्दै गैह्रबैकिङ्ग सम्पत्ति वेचविखन तर्फ ध्यानाकर्षण गराउनुभयो । त्यस्तै, पाउनुपर्ने व्याज मध्ये पुरानाको अवस्था के छ र ति उठ्ने नउठ्ने कुन अवस्थामा रहेकाछन् सम्बन्धी जानकारी माग गर्नुभयो । *(निजले सुझावहरू लिखित रूपमा पनि दिनुभएको थियो ।)*

**८) उद्धव घिमिरे**

बैंकको प्रस्तावित भवनको अवस्था वारेमा जिज्ञासा राख्दै निस्कृय कर्जा कम गर्नेतर्फ ध्यान पुऱ्याउन आग्रह गर्नुभयो । त्यस्तै, गैह्रबैकिङ्ग सम्पत्ति शुन्य गर्नुपर्ने राय व्यक्त गर्दै सुरक्षा, मनोरञ्जन खर्च तर्फ भएको अस्वाभाविक वृद्धि नियन्त्रण गर्न सुझाव व्यक्त गर्नुभयो । शेयरधनीहरूले संकलन नगर्नुभएको लाभांश सर्वसाधारणले जानकारी पाउने गरी उपयुक्त माध्यमबाट सूचित गर्न आग्रह गर्दै कर्मचारी तालिम खर्च गत वर्ष भन्दा कमी देखिएकोले सो तर्फ विशेष ध्यान पुऱ्याउन सुझाव प्रदान गर्नुभयो भने चालु आ.व.मा मुनाफाको स्तर निकै वृद्धि गर्नेतर्फ पहल गर्न आग्रह गर्नुभयो ।

**९) महेन्द्र श्रेष्ठ**

नेपाल राष्ट्र बैंकले नियन्त्रणमा लिईसकेपश्चात निराशावादी भएका हामी शेयरधनीलाई यस संचालक समितिबाट ३०% मुनाफा वितरण गर्न सक्षम भएकोमा धन्यवाद व्यक्त गर्दै शाखा तथा ए.टि.एम. वृद्धि अपरिहार्य भएको तर यसले खर्चमा पनि वृद्धि ल्याउने हुनाले सो तर्फ विशेष निगरानी गर्न सुझाव प्रदान गर्नुभयो । हाल भए जस्तै अन्य निक्षेप संकलन हुने स्थानहरूको पहिचान गरि त्यहाँ एक्सटेन्सन काउण्टर राख्न सुझाव दिदै शेयरधनी खातालाई बजारीकरण गर्ने र प्रभावकारी वनाउन आग्रह गर्नुभयो । बैंकको हालको मुख्य कार्यालय रहेको भवन साँगुरो भएकोले सोलाई पुर्नसंरचना गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै आगामी साधारणसभा पनि वर्षान्तको तीन महिना भित्रै सम्पन्न गर्न सुझाव प्रदान गर्नुभयो ।

**१०) रोज कुमार श्रेष्ठ**

बैंकको विस्तार र वृद्धि अत्यन्त सुस्त भएको र यसलाई Speed up गर्नुपर्ने राय व्यक्त गर्दै भविष्यका योजनाहरू स्पष्ट नभएको भन्ने गुनासो गर्नुभयो । मनोरञ्जन खर्च नियन्त्रण गर्न सुझाव प्रदान गर्दै प्रस्ताव गरिएको वोनस समेतलाई जोडेर चुक्तापूँजीमा देखाइएको वारेमा जानकारी माग गर्नुभयो । त्यस्तै, प्रति ए.टी.एम. करीव रू.२ लाख ६३ हजार खर्च भएको तर्फ पनि नीतिगत सुधार गर्नुपर्ने भए सोही बमोजिम सुधार गर्न सुझाव प्रदान गर्नुभयो ।

**११) व्यास कुमार शर्मा**

वार्षिक प्रतिवेदन सूचनामूलक भएको तर्फ धन्यवाद व्यक्त गर्दै विस्तार पनि संतुलित नै रहेको धारणा व्यक्त गर्नुभयो । यस आवमा गैह्रबैंकिङ्ग सम्पत्ति नलिइएको, अन्तर्राष्ट्रियस्तरको प्रविधि प्रयोग गरेको, समग्र बैंकिङ्गमा छैठौं स्थान सुरक्षित गरेको जस्ता विषयहरू स्वागतयोग्य रहेको वताउनुभयो । तरपनि केही खर्चहरूमा निकै वृद्धि भएको तर्फ ध्यान पुऱ्याउन आग्रह गर्दै लघुवित्तमा गरिएको लगानी उल्लेखनीय रहेको तर यसमा जोखिम पनि उत्तिकै रहेकोले विशेष ध्यान पुऱ्याउन आग्रह गर्नुभयो । आई.एफ.सि.संगको सम्बन्ध के रहेकोछ सम्बन्धी जानकारी माग गर्दै कर्मचारी तालिमखर्चमा कन्जुस्याई नगर्न सुझाव प्रदान गर्नुभयो ।

**१२) अमृत नाथ रेग्मी**

बैंकलाई ठूलो बनाउनका लागि पूँजी लगानी वृद्धि गर्नुपर्ने, ऋणपत्रहरू जारी गर्नुपर्ने, लगानी/कर्जा अनुपात वृद्धि गर्नुपर्ने, प्रतिष्पर्धी बैंकहरूको पनि वित्तीय विवरणहरू सुक्ष्म अध्ययन गर्नुपर्ने जस्ता सुझाव प्रदान गर्नुभयो । बैंकको मार्जिन कर्जा तथा आवधिक कर्जा वृद्धि गर्न सक्ने स्थान हुँदाहुँदै पनि सो शिर्षकमा कर्जा प्रदान नगरिएको हुँदा मुनाफामा असर पर्न गएको तथा खुद व्याज आम्दानीमा पनि यस बैंक कमजोर रहेको धारणा व्यक्त गर्नु भयो । कर्मचारी खर्च करीव ३४% रहेको उल्लेख गर्दै ३०% को हाराहरीमा राख्न सुझाव प्रदान गर्दै संचालकको प्रतिवेदनमा मिति राख्न सुझाव प्रदान गर्नुभयो । त्यस्तै, चुक्तापूँजीमा प्रस्तावित वोनस समेत जोडिएको विषयमा जिज्ञासा राख्दै र निर्व्याजी निक्षेप वृद्धि गर्न सकेकोमा धन्यवाद व्यक्त गर्दै खराव कर्जाहरू उठ्ने नउठ्ने कस्तो अवस्थामा रहेकाछन्, Remittance शुल्क किन घटेको हो जस्ता विषयमा उत्तरको अपेक्षा गर्नुभयो । बैंकले पूँजी वृद्धि गर्न नसकेमा आगामी दिनमा प्रतिष्पर्धी सरह व्यवसाय गर्न गाह्रो हुने जानकारी गराउदै शतप्रतिशत हकप्रद शेयर जारी गरि पूँजी वृद्धि गर्न सुझाव प्रदान गर्नुभयो । गैह्रसंचालन आम्दानी अन्तर्गत लाभांश आम्दानीको विस्तृत विवरण राख्न अनुरोध गर्दै नाफा भएका र नभएका शाखाहरू सम्बन्धमा संचालक समितिको प्रतिवेदनमा स्पष्ट उल्लेख गर्न सुझाव प्रदान गर्नुभयो ।

**१३) ईन्द्र कृष्ण श्रेष्ठ**

हालको प्रस्तावको प्रतिशतमा २०% वोनस र १०% नगद लाभांश भएको भए बैंकको स्थितीलाई पनि राम्रो हुने थियो भन्ने राय व्यक्त गर्दै कर्मचारीको खर्च तर्फ पनि ध्यान पुऱ्याउन सुझाव प्रदान गर्नुभयो ।

**१४) राजेश शाक्य**

तीन महिना भित्रै र दशै अगाडि नै साधारणसभा गर्न सकेकोमा धन्यवाद प्रकट गर्दै पुरानो संचालक समिति र यस समितिको फरक के हो स्पष्ट आभाष हुन नसकेको राय व्यक्त गर्नुभयो । लाभांश नीति प्रवर्द्धकमुखी भएकोले नगद लाभांश र वोनस शेयर वरावर अनुपातमा प्रस्ताव गरिएको धारणा व्यक्त गर्दै प्रस्तावित वोनश शेयरलाई चुक्तापूँजीमा जोडि देखाइएको

औचित्य पुष्ठि गर्न माग गर्नुभयो । त्यस्तै, साधारणसभा खर्च, मनोरञ्जन खर्च आदी खर्च कटौति सुझाव प्रदान गर्दै प्रस्तावित लेखापरीक्षक सम्बन्धमा जानकारी माग गर्नुभयो । त्यस्तै, शेयरधनीहरूले आशा गरे अनुरूप प्रतिफल नपाएको कारणबाट शेयरबजारमा पनि यसको प्रभाव पर्न गएको मन्तव्य राख्दै भवन छिट्टै बनाउन सुझाव प्रदान गर्नुभयो ।

**१५) राम लाल श्रेष्ठ**

विभिन्न पूर्ववक्ताहरूले उल्लेख गरेजस्तै खर्चमा नियन्त्रण गर्नुपर्ने धारणा व्यक्त गर्दै चालू आवको मुनाफा वृद्धि गर्नेतर्फ विशेष पहल गर्न आग्रह गर्नुभयो ।

**१६) जयेन्द्रमान सिंह वानिया**

बैंकले गरेको विस्तारिकरण राम्रो नै भएको तर अन्य प्रतिष्पर्धीहरूको तुलना पनि गर्नुपर्ने धारणा व्यक्त गर्दै सर्वसाधारण शेयरधनी तर्फबाट नेतृत्व गर्नुभएका व्यक्ति अध्यक्ष हुँदाहुँदै पनि मुनाफा वितरण सर्वसाधारण शेयरधनीको अपेक्षा बमोजिम हुन नसकेको राय व्यक्त गर्नुभयो । त्यस्तै, दीर्घकालिन तथा स्थिर लाभांश/वोनस वितरण योजना तय गर्न आग्रह गर्नुभयो । प्रति कर्मचारी निक्षेप र खर्चको विस्तृत अध्ययन र निगरानि गर्न सुझाव प्रदान गर्दै संचालक समिति र कार्यालय प्रमुखको कार्यसम्पादन मूल्याँकन गर्न सुझाव प्रदान गर्नुभयो ।

**१७) भरत राज पोखेल**

मनोरञ्जन तथा संचालक समितिको खर्च नियन्त्रण गर्न सुझाव प्रदान गर्दै कानूनी खर्च, चन्दा, जस्ता खर्चहरूमा पनि कमि ल्याउने व्यवस्था मिलाउन सुझाव प्रदान गर्नुभयो । विज्ञापन खर्चमा समाचारको अगाडी प्रायोजन गरेर कुनै अर्थ नहुने र त्यसले कुनै मुल्य अभिवृद्धि नगर्ने समेत राय व्यक्त गर्नुभयो ।

## १२. बैंकको तर्फबाट प्रस्तुत भएको जवाफ :-

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएका मन्तव्य, जिज्ञासा, अमूल्य सुझाव तथा प्रश्नहरु प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री नरेन्द्र कुमार बस्न्यातज्यूले आभार प्रकट गर्नुभयो । बैंकको मुनाफा र आकारलाई निरन्तर रूपमा वृद्धि गर्दै लैजाने सञ्चालक समितिको ठोस प्रतिबद्धता रहेको उल्लेख गर्दै बैंक सञ्चालकहरू आ-आफ्नो तर्फबाट समेत सक्दो लागिपरेको र बैंकले आगामी वर्षमा अपेक्षित वृद्धि र प्रगति गर्ने तर्फ उन्मुख भएको विश्वास दिलाउनु हुँदै अध्यक्षज्यू स्वयंले तथा उहाँको निर्देशनमा प्रमुख कार्यकारी अधिकृतले दिनुभएको जवाफ सारांशको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :-

- बैंकको उद्देश्य, विस्तार तथा मुनाफा प्रति हामी संचालक समितिको एकैमत रहेको जानकारी गराउनुभयो ।

- Portfolio management / Leadership सम्बन्धमा सम्वेदनशिल रहेको र समयसापेक्ष पुनरावलोकन गर्ने गरिएको जानकारी गराउनुभयो ।

- भवन निर्माण सम्बन्धमा केही प्राविधिक कारणले ढिलाई भएतापनि ठेकेदारलाई कार्य गर्न अनुमति दिईसकिएपछि मनसुन शुरू भएको र सो मनसुन लामो भएको कारणले ढिलाई हुन गएको हो । हाल मनसुन सकिईसकेकोले अब छिट्टै शुरू गर्ने तयारी गरिएको छ ।

- आई.एफ.सि.संगको लगानी सम्बन्धमा सो संस्था अन्तर्राष्ट्रिय संस्था भएकोले उनीहरूले धेरै विषयहरूमा अध्ययन गर्ने भएकोले लामो समय लागेको उल्लेख गर्दै सो तर्फ कार्य भैरहेको र केही समयमा कार्य सम्पादन हुनेमा आशावादी रहेको वताउनुभयो ।

- बैंकले शेयरधनीहरूलाई वितरण गर्न प्रस्तावित नगद लाभांश भोलि अर्थात मिति २०६७-६-१८ गते देखि नै वितरण गर्ने व्यवस्था मिलाई सकेको जानकारी गराउनुभयो ।

- आन्तरिक तालिमको संख्यामा निकै वृद्धि भएको तर वाह्य तालिममा कमि आएकाले कर्मचारी तालिम खर्च कम भएको जानकारी गराउनुभयो ।

- कर्मचारीहरूको आन्तरिक तालिम संचालन गर्ने क्रममा गरिएका खर्चहरू र निक्षेपका विभिन्न Product हरू ल्याउदाका केही खर्चहरू पनि मनोरञ्जन शिर्षकमा पर्न गएकोले सो शिर्षकमा केही वृद्धि हुन गएको जानकारी गराउनुभयो ।

- त्यसैगरि, निक्षेपका विभिन्न Product हरू ल्याउदाका र बैंकको छवी सुधार्नपर्ने कारणले गर्दा विज्ञापन खर्चमा केही वृद्धि हुन पुगेको जानकारी गराउनुभयो ।

- ए.टि.एम.खर्च को तुलनामा ए.टि.एम.को आम्दानी वृद्धि भएको र यस सम्बन्धमा आवश्यक अध्ययन पनि गरिएको जानकारी गराउनुभयो ।

- सुरक्षा खर्च सम्बन्धमा नौवटा शाखाहरू वृद्धि भएबमोजिमको वृद्धि भएको जानकारी गराउनुभयो ।

- बैंक कर्मचारीहरूको औषधीउपचार खर्च वारेमा प्रस्ट्याउदै सो खर्च कर्मचारी विरामी भएर प्रदान गरिएको नभई समग्र बैंकिङ्ग उद्योगमा कर्मचारीहरूलाई प्रदान गरिने तलव भत्ता जस्तै प्रदान गरिने सुविधा भएको जानकारी गराउनुभयो ।

- यस बैंक जलविद्युत कर्जा लगानी क्षेत्रमा सहवित्तीयकरण गर्दै अगुवाको पनि कार्य गरिरहेको र यस क्षेत्रमा बैंक जानकार रहेको जानकारी गराउनुभयो ।

- बैंकले भविष्यको लागि वचत भन्ने नारालाई नै आधार बनाई समग्र जनतामा बैंकिङ्ग बानी बसाउनका लागि सामाजिक उत्तरदायित्व वा विज्ञापन खर्चहरू भएको जानकारी गराउनुभयो ।

- मार्जिन कर्जा र घरजग्गा कर्जामा यस बैंक अलिकति चनाखो नै रहेको जानकारी गराउनुभयो ।
- ग्रैह्रबैकिङ्ग सम्पत्ति सक्दो चाँडो विक्री गरीने जानकारी गराउनुभयो ।
- चालु वर्षको भाद्र सम्मको मुनाफा सम्बन्धमा जानकारी गराउनुभयो ।
- भवन निर्माणमा ढिलाई भए पनि शुरूमा गरिएको सम्झौता रकममा नै निर्माण गर्ने गरि छिट्टै कार्य शुरू हुन लागेको जानकारी गराउनुभयो ।

## १३. सभाको निर्णय :-

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएका अमुल्य सुझाव, सल्लाहलाई बैंकले उच्च प्राथमिकतामा राखि कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरूलाई क्रमश: पारीत गरिदिन अनुरोध गर्नुभयो ।

### (क) साधारण प्रस्ताव उपरको निर्णय:

(१) अध्यक्षज्यूको मन्तव्य तथा सोह्रौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन छलफल गरी पारित गरियो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०६७ साल आषाढ मसान्तको वासलात, २०६६ श्रावण १ गते देखि २०६७ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्वन्धित अनुसूचिहरू छलफल गरी स्वीकृत गरियो ।

(३) लेखापरीक्षण समितिबाट सिफारिस भएबमोजिम "एस.आर.पाण्डे एण्ड कं." लाई आर्थिक वर्ष २०६७/०६८ को लेखापरीक्षक नियुक्त गरियो र लेखापरीक्षण समितिले निर्धारण गरेबमोजिम निजको लेखापरीक्षण शुल्क रू.२,५५,०००/- (अक्षेरूपी रू.दुई लाख पचपन्न हजार मात्र) र सोमा प्रचलित नियमानुसार लाग्ने मूल्यअभिवृद्धिकर अनुमोदन गरियो ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम १५ प्रतिशत नगद लाभांश स्वीकृत गरियो ।

### (ख) विशेष प्रस्ताव उपरको निर्णय:

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको १५ प्रतिशत वोनश शेयर स्वीकृत गर्ने र सोही हदसम्म जारी पुँजी र चुक्ता पुँजी वृद्धि गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गरियो ।

(२) बैंक अफ काठमाण्डू लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी निम्न बमोजिमको विशेष प्रस्ताव पारित गरियो ।

# प्रबन्धपत्रको संशोधन

| हाल भइरहेको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|
| **४. (ह) (१६) ........................ नभएको** | **४. (ह) (१६)** प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशनका अधिनमा रही विदेशी बैंक तथा वित्तीय संस्थाहरूलाई गैह्र कोषमा आधारित विभिन्न प्राविधिक सेवाहरू (Technical Services) प्रदान गर्ने। |
| **५.** (ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. १,१८,२१,५७,१००/- (अक्षेरूपी रू. एक अरव अठार करोड एक्काईस लाख सन्ताउन्न हजार एक सय) हुनेछ।<br><br>५. (ग) बैंकको तत्काल चुक्ता पूँजी रु. १,१८,२१,५७,१००/- (अक्षेरूपी रू. एक अरव अठार करोड एक्काईस लाख सन्ताउन्न हजार एक सय) हुनेछ। | **५.** (ख) बैंकले तत्काल जारी गर्ने शेयर पूँजी रु. १,३५,९४,८०,७००/- (अक्षेरूपी रू. एक अरव पैतिस करोड चौरानब्बे लाख असी हजार सात सय) हुनेछ।<br><br>५. (ग) बैंकको तत्काल चुक्ता पूँजी रु. १,३५,९४,८०,७००/- (अक्षेरूपी रू. एक अरव पैतिस करोड चौरानब्बे लाख असी हजार सात सय) हुनेछ। |
| **७.** (ग) बैंक संचालनमा आएको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री गर्न वा धितोबन्धक राख्न पाउने छैन र सो अवधि पछि बैंकको संस्थापकले आफनो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पुर्व स्वीकृति लिनु पर्नेछ। तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनुपर्नेछ। समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ। यसरी शेयर बिक्रि गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ। सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ।<br><br>७.(ग)(१) बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरूले खरिद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा चुक्ता पूँजीको १ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्ने र १ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्ने छ। | **७.** (ग) बैंक संचालनमा आएको पाँच वर्ष नपुगेसम्म संस्थापकले आफ्नो शेयर बिक्री गर्न वा धितोबन्धक राख्न पाउने छैन। सो अवधि पछि बैंकको संस्थापकले आफनो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकले तोकेका शर्तका अधिनमा रही गर्न सक्नेछ। तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनुपर्नेछ। समूहभित्र उपसमूह रहेको अवस्थामा जुन उपसमूहको शेयर हो सोही उपसमूहका शेयरधनीलाई प्राथमिकता दिइनेछ। यसरी शेयर बिक्रि गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ। सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ।<br><br>७.(ग)(१) बैंकले हकप्रद शेयर निष्काशन गर्दा साविकका संस्थापक शेयरधनीहरूले खरिद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधीनमा रही हक हस्तान्तरण गर्न सक्ने र २ प्रतिशतभन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्ने छ। |

## नियमावलीको संशोधन

| हाल भइरहेको व्यवस्था | प्रस्तावित संशोधन |
|---|---|
| **३५. लाभांश सम्बन्धी व्यवस्था :** (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ। | **३५. लाभांश सम्बन्धी व्यवस्था :** (१) प्रचलित कानूनको अधीनमा रहि बैंकले बोनस शेयर वा नगद लाभांश वा दुवै वितरण गर्न सक्नेछ। लाभांश वितरण गर्ने निर्णय भएको पैंतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ। बैंकले लाभांशको रूपमा बोनस शेयर जारी गर्दा प्रचलित ऐन कानूनको रित पुऱ्याई जारी गर्नुपर्नेछ। |

बैंक अफ काठमाण्डू लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक लगायतको नियमन गर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन, सुझाव, तथा संशोधनहरू समेत समायोजन गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गरियो।

**(ग) विविध :**

(१) सभाको निर्धारित विषयसूचीहरू समाप्त भई विविध अन्तर्गत कुनै विषयसूची नभएकाले यस सम्बन्धमा छलफल तथा निर्णय भएन।

**१४. धन्यवाद ज्ञापन तथा सभाको विसर्जन :-**

अन्त्यमा, बैंकका अध्यक्ष तथा सभाका सभापति श्री नरेन्द्र बस्न्यातज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिदै विजयादशमी तथा दिपावली २०६७ को शुभअवसरमा सवै शेयरधनी महानुभावहरूलाई सुस्वास्थ्य तथा सम्वृद्धिको शुभकामना व्यक्त गर्नुभयो। त्यसैगरी यस सोह्रौं बार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, नेपाल प्रज्ञा प्रतिष्ठान, लेखापरीक्षक, सल्लाहकार तथा बैंकका संचालकहरु र कर्मचारीहरूबाट प्राप्त सहयोगको लागि धन्यवाद तथा आभार व्यक्त गर्नुभयो।

**ततपश्चात् सभापतिज्यूले अपरान्ह १४:४५ बजे सभा विसर्जन भएको घोषणा गर्नु भयो।**

| | |
|---|---|
| ........................... | ........................... |
| **मनिष कुमार सिंह** | **नरेन्द्र कुमार बस्न्यात** |
| **कम्पनी सचिव** | **अध्यक्ष** |